फालेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(राजस्व तथा आर्थिक प्रशासन शाखा)

थकेपुङ, पाँचथर
कोशि प्रदेश, नेपाल

## घ वर्गका निर्माण व्यवसायी इजाजतपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्तै जरुरी सूचना

(सूचना संख्याः २५, दोस्रो पटक प्रकाशित मितिः २०८१।०१।२२)

प्रस्तुत विषयमा यस फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मितिः २०८०/०४/०४ गतेका दिन सूचना बमोजिम फालेलुङ गाउँपालिकाको कार्यालयमा घ वर्गको इजाजतपत्र प्राप्त गरी संचालनमा रहेका निर्माण व्यवसायीहरुको इजाजतपत्र चालु आ.व. २०८०।०८१ मा नवीकरण गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम हालसम्म पनि केहि फर्महरुले इजाजतपत्र नवीकरण नगरी व्यवसाय संचालन गरेको देखिएको हुँदा फालेलुङ गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ बमोजिम यो सूचना जारी भएको तीन (३) दिनभित्र देहाय बमोजिमका कागजातहरुका साथमा दर्ता नवीकरण गर्नुहुन यो सूचना जारी गरिएको छ ।साथै यो सूचना प्रकाशन भए पश्चात पनि इजाजतपत्र नवीकरण नगरेमा फालेलुङ गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ बमोजिम इजाजतपत्र खारेजीको प्रक्रियमा जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरुः

१. घ वर्गको इजाजतपत्रको प्रतिलिपी,
२. गत आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र प्रतिलिपी,
३. अनुसूची-४ बमोजिम गत आ.व. २०७९/०८० मा सम्पन्न गरेको कार्यहरुको अद्यावधिक विवरण,
४. फालेलुङ गाउँपालिकाको प्राईम कमर्शियल बैंक लि. मा रहेको आन्तरिक राजस्व खाता GA.1.1 ANTARIK RAJASWA A/C PHALELUNG (खाता नम्बर ०७३०१००००००३१२००१२९) मा रु. ११,०००।- (अक्षरेपी रु. एघार हजार मात्र) रकम जम्मा गरेको भौचरको सक्कल प्रतिका साथमा जरिवाना वापतको हुन आउने थप राजस्व रकम,
५. कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी,
६. पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी,
७. फर्मको नाममा रहेका मेशिन तथा उपकरणहरुको विवरण
८. फर्ममा रहेका मुख्य जनशक्तिहरुको विवरण र
९. इजाजतपत्र नवीकरण गरिपाउँ भनि लेखिएको निवेदन पत्र तथा फर्मसँग सम्बन्धित अन्य आवश्यक कागजातहरु

..............................
डम्बर बहादुर आङ्देम्बे
प्रमुख प्रशासकीय अधिकृत